आज मिति २०८२।०७।३० गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. श्री उद्गम तिमिल्सिना, वरिष्ठ लेखा अधिकृत
२. श्री बासु पाण्डेत, वरिष्ठ शाखा अधिकृत
३. श्री तेजकुमार धमला, अधिकृत छैटौं

<u>कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची</u>

बैठक संख्याः ६२
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।०७।३०
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०७।३० | १०:०० बजे | वडा नं. ३ मा रहेको राइजिङ स्टार युवा क्लव र वडा नं. ६ मा रहेको सिद्धिविनायक युवा क्लवले आयोजना गरेको फुटबल प्रतियोगितालाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| २०८२।०७।३० | १०:०५ बजे | वडा नं. ५ मा रहेको इच्छाकामना मन्दिरमा पञ्चवली सहित पञ्चमी मेला सञ्चालन तथा व्यवस्थापनको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०७।३० | १०:१० बजे | गाउँपालिकाको सिफारिसमा धवलागिरी प्राविधिक शिक्षालय मुस्ताङमा प्राविधिक विषय अध्ययनरत छात्रछात्राहरुको खाना खाजा तथा र शिविर सञ्चालन बापतको खर्च रकम भुक्तानी सम्बन्धमा। | शिक्षा शाखा | ३ |
| २०८२।०७।३० | १०:१५ बजे | ५ र ६ नं. वडामा सडक बत्ती जडान कार्यको रकम भुक्तानी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८२।०७।३० | १०:२० बजे | फोहर संकलन गर्ने ट्रिपरमा सहयोगी व्यवस्थापन तथा फोहर सङ्कलन कार्यमा खटिने कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८२।०७।३० | १०:२५ बजे | वडा नं.४ कुरिनटारमा सञ्चालित अस्थायी क्रसर प्लान्ट र अस्थायी अस्फाल्ट कंक्रिट प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ६ |
| २०८२।०७।३० | १०:३० बजे | वडा नं. ३ चुम्लिङटारमा सञ्चालित अस्थायी व्याचिङ प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ७ |
| २०८२।०७।३० | १०:३५ बजे | भाद्र २४ गते जेन्जी आन्दोलनको आडमा यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा २ र ४ नम्बर वडा कार्यालयहरुमा भएको तोडफोड एवं आगजनी र त्यसपश्चातको लगातारको वर्षाबाट नष्ट भएका कागजातहरुको सम्बन्धमा तयार पारिएको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |

| | | | | |
|---|---|---|---|---|
| २०८२।०७।३० | १०:४० बजे | कार्यालयको लागि चार पाङ्ग्रे सबारी साधन खरिद गर्ने सम्बन्धमा। | जिन्सी शाखा | ९ |
| २०८२।०७।३० | १०:४५ बजे | ५ र ६ नं. वडाका विभिन्न स्थानहरुमा सडक बत्ती जडान कार्यको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन, बागमती प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची

बैठक संख्याः ६२

अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष

बैठक मितिः २०८२।०७।३०

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०७।३० | १०:०० बजे | वडा नं. ३ मा रहेको राइजिङ स्टार युवा क्लव र वडा नं. ६ मा रहेको सिद्धिविनायक युवा क्लवले आयोजना गरेको फुटबल प्रतियोगितालाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| २०८२।०७।३० | १०:०५ बजे | वडा नं. ५ मा रहेको इच्छाकामना मन्दिरमा पञ्चवली सहित पञ्चमी मेला सञ्चालन तथा व्यवस्थापनको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०७।३० | १०:१० बजे | गाउँपालिकाको सिफारिसमा धवलागिरी प्राविधिक शिक्षालय मुस्ताङमा प्राविधिक विषय अध्ययनरत छात्रछात्राहरुको खाना खाजा तथा र शिविर सञ्चालन बापतको खर्च रकम भुक्तानी सम्बन्धमा। | शिक्षा शाखा | ३ |
| २०८२।०७।३० | १०:२० बजे | फोहर संकलन गर्ने ट्रिपरमा सहयोगी व्यवस्थापन तथा फोहर सङ्कलन कार्यमा खटिने कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८२।०७।३० | १०:२५ बजे | वडा नं.४ कुरिनटारमा सञ्चालित अस्थायी क्रसर प्लान्ट र अस्थायी अस्फाल्ट कंक्रिट प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ६ |
| २०८२।०७।३० | १०:३० बजे | वडा नं. ३ चुम्लिङटारमा सञ्चालित अस्थायी व्याचिङ प्लान्टको म्याद थप सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ७ |
| २०८२।०७।३० | १०:३५ बजे | भाद्र २४ गते जेन्जी आन्दोलनको आडमा यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा २ र ४ नम्बर वडा कार्यालयहरुमा भएको तोडफोड एवं आगजनी र त्यसपश्चातको लगातारको वर्षाबाट नष्ट भएका कागजातहरुको सम्बन्धमा तयार पारिएको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।०७।३० | १०:४० बजे | कार्यालयको लागि चार पाङ्ग्रे सबारी साधन खरिद गर्ने सम्बन्धमा। | जिन्सी शाखा | ९ |
| २०८२।०७।३० | १०:४५ बजे | ५ र ६ नं. वडाका विभिन्न स्थानहरुमा सडक बत्ती जडान कार्यको लागि बजेट व्यवस्थापन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

पूर्व बैठकको समीक्षा

मिति २०८२।०६।२८ मा बसेको ६१ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

मिति २०८२।०७।३० मा बसेको ६२ औं कार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं.१: ३ नं.वडामा रहेको राइजिङ स्टार युवा क्लबले आयोजना गरेको फुटबल प्रतियोगितालाई रु. ३०,०००।- (अक्षरेपि तीस हजार मात्र) र ६ नं. वडामा रहेको सिद्धिविनायक युवा क्लवलाई वडा नं. ३ चौतारामा आयोजना भएको स्व. अनिल गुरुङ स्मृति प्रथम चौतारा कपमा फुटबल प्रतियोगितामा सहभागी हुदाँ भएको खर्च व्यवस्थापनको लागि रु. २७,०००।- (अक्षरेपि सत्ताइस हजार मात्र) प्राप्त बिल भर्पाईका आधारमा अध्यक्षसँग युवा,खेलकुद तथा सिप विकास कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी आर्थिक सहायता उपलब्ध गराउने।

निर्णय नं.२: २०८२ साल कार्तिक २४ गते ५ नं. वडामा रहेको इच्छाकामना मन्दिरमा हरेक बर्ष जस्तै यस बर्ष पनि मंसिर कृष्ण पञ्चमीको अवसरमा लाग्ने पञ्चमी मेलाको अवसर पारेर आयोजना गरिएको विविध साँस्कृतिक कार्यक्रम तथा पञ्चवली पुजाको आर्थिक व्यवस्थापनको लागि प्राप्त बिल भर्पाईका आधारमा इच्छाकामना पञ्चमी पूजा र ठूलो एकादशी साँस्कृतिक कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी इच्छाकामना मन्दिर व्यवस्थापन समितिलाई रु. ५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) बिल भरपाईको आधारमा उपलब्ध गराउने।

निर्णय नं.३: विपन्न परिवारका छात्रछात्राहरुको लागि छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययनको लागि गाउँपालिकासँग भएको समझदारी पत्र बमोजिम धवलागिरी प्राविधिक शिक्षालय थासाङ-३, मुस्ताङ र बारपाक बहुप्राविधिक शिक्षालय, बारपाक सुलिकोट गाउँपालिका -४, गोरखामा अध्ययनरत विद्यार्थीहरुको खानाखाजा र शिविर सञ्चालन वापतको प्राप्त बिल भर्पाई बमोजिमको रकम पालिकास्तरीय छात्रबृत्ती कार्यक्रम शिर्षकबाट सम्वन्धित शिक्षालायलाई भुक्तानी दिने।

निर्णय नं.५: गाउँपालिकाको फोहर संकलन कार्यका लागि प्रयोग भएको ना १ ग ८२७ नम्बरको ट्रिपरमा सहयोगीको रुपमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी प्रदिप त्रिपाठीलाई २०८२ साल मंसिर १ गते देखि लागू हुने गरी सेवा करारमा राख्ने र सोही ट्रिपरमा फोहर संकलनका लागि खटिने कर्मचारीहरुलाई २०८२ साल मंसिर १ गते देखि मासिक पारिश्रमिक रु. १९,५५०।- (अक्षरेपि उन्नाइस हजार पाँच सय पचास मात्र) उपलब्ध गराउने।

निर्णय नं.६: नेपाल सरकारको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना नागढुङ्गा मुग्लिङ्ग सडक विस्तार आयोजना अन्तर्गतको पश्चिम खण्ड मलेखु मुग्लिङ सडक आयोजनाको काममा प्रयोग गर्नको लागि आवश्यक पर्ने निर्माण सामाग्री तयार पार्न यस गाउँपालिकाको वडा नं. ४ कुरिनटारमा स्थापना भई गाउँपालिकाबाट सञ्चालनको अनुमति पाएको अस्थायी क्रसर प्लान्ट र अस्थायी अस्फाल्ट कंक्रिट प्लान्टको ६ महिनाको सञ्चालन अनुमतिको म्याद मिति २०८२।०६।१६ गते देखि सकिएको र सडक विस्तारको कार्य पुरा भई नसकेकोले गाउँपालिकाको आर्थिक ऐन वमोजिम राजश्व लिई थप ६ महिना (मिति २०८२।१२।१६ गते सम्म) को लागि सञ्चालन अनुमतिको म्याद थप गर्ने।

निर्णय नं.७: ब्लु इनर्जी लि. द्वारा प्रवर्द्धित तथा सि.ई. कन्स्ट्रक्सन प्रा.लि. द्वारा निर्माणाधिन इच्छाकामना गाउँपालिमा वडा नं. ३ स्थित त्रिशुली नदीमा निर्माणाधिन १०० मे.वा. क्षमताको सुपर त्रिशुली जलविद्युत आयोजनालाई निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुङ्गा, गिट्टी, बालुवा तथा सिमेन्ट आदिको मिक्सिङ कार्यको लागि आवश्यक पर्ने अस्थायी व्याचिङ प्लान्ट स्थापना तथा सञ्चालन गर्ने गाउँपालिकाले दिएको ६ महिनाको म्याद मिति २०८२।०६।१६ गते देखि सकिएको र आयोजनाको कार्य पुरा भई नसकेकोले गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व लिई थप ६ महिना (मिति २०८२।१२।१६ गते सम्म) को लागि सञ्चालन अनुमतिको म्याद थप गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष